# कोषले सञ्चयकर्तालाई प्रदान गर्ने मुनाफा रकमलाई बेतन कर्णाली हाइड्रोपावर कम्पनी लिमिटेडको शेयरमा रूपान्तरण गर्ने सम्बन्धी कर्मचारी सञ्चय कोषको जरूरी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७५/०४/२१)**

जलविद्युत विकास परियोजनाहरूको शेयरमा सञ्चयकर्तालाई लगानीको अवसर प्रदान गरी सञ्चयकर्ताको दीर्घकालीन हित सुनिश्चित गर्ने उद्देश्यले ६८८ मेगावाट क्षमताको बेतन कर्णाली जलविद्युत परियोजना निर्माण गर्न सञ्चयकर्ताको ४० प्रतिशत शेयर रहने गरी कम्पनी ऐन, २०६३ बमोजिम बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेड दर्ता भई कारोबार अनुमति समेत प्राप्त भइसकेको व्यहोरा सहर्ष जानकारी गराइन्छ ।

कोषले सञ्चयकर्तालाई प्रदान गर्ने मुनाफा रकमलाई सञ्चयकर्ताको अलग्गै व्यक्तिगत खातामा जम्मा गरी सो रकममा सञ्चयकोष मौज्दातमा प्रदान गरे सरह ब्याज समेत थप गरी हुन आउने कूल रकमलाई सम्बन्धित सञ्चयकर्ताको नाममा सो कम्पनीको शेयरमा रुपान्तरण गर्ने गरी कोषको सञ्चालक समितिले **"सञ्चयकर्ताको मुनाफा रकमलाई बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेडको शेयरमा लगानी गर्ने सम्बन्धी विनियमावली, २०७४"** लागू गरेको छ । सो विनियमावलीमा गरेको व्यवस्था बमोजिम आर्थिक वर्ष २०७३/७४ को मुनाफाबाट प्रत्येक सञ्चयकर्ताको सञ्चयकोष मौज्दातको ०.७५ प्रतिशत रकम सञ्चयकर्ताको नाममा शेयरमा लगानी गर्ने प्रयोजनका लागि अलग्गै खातामा राखिएको छ । उपरोक्त बमोजिमको मुनाफाको रकमलाई सो कम्पनीको शेयरमा लगानी गर्न नचाहने सञ्चयकर्ताले प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र कर्मचारी सञ्चय कोषको ठमेलस्थित कार्यालय वा शाखा कार्यालयहरूमा दस्तखतसहितको निवेदन (स्वयम् उपस्थित भई वा इमेल - *betan.karnali@epfnepal.com.np* मार्फत) दिनुहुन विनियमावलीको विनियम ४ को प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ । शेयरमा लगानी गर्न नचाहने सञ्चयकर्ताको मुनाफालाई साविक बमोजिम नै सम्बन्धित सञ्चयकर्ताको सञ्चयकोष खातामा जम्मा गरिने छ । माथि उल्लिखित अवधि भित्र निवेदन नदिने सञ्चयकर्ताको मुनाफाको रकमलाई कम्पनीको शेयरमा लगानी गर्न सञ्चयकर्ताको अनुमति रहेको मानी शेयरमा रूपान्तरण गरिने छ । साथै शेयरमा रूपान्तरण भइसकेको अवस्थामा कोषले सम्बन्धित सञ्चयकर्तालाई त्यस्तो रकम फिर्ता दिन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ । निवेदनको ढाँचा र **"सञ्चयकर्ताको मुनाफा रकमलाई बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेडको शेयरमा लगानी गर्ने सम्बन्धी विनियमावली, २०७४"** कोषको वेभसाइटबाट प्राप्त गर्न सकिने छ ।


**कर्मचारी सञ्चय कोष**
**सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग**
त्रिदेवी मार्ग, ठमेल, काठमाण्डौ ।
फोन नं. ०१-४२२३३२०
*Website : www.epfnepal.com.np*